# ‘समाप्ति’ कथामा प्रस्तुत जीवभाव

बोधराज ढकाल

## सार

*यस अनुसन्धनात्मक लेखमा रामलाल जोशीको कथासङ्ग्रह ‘ऐना’ मा सङ्गृहीत ‘समाप्ति’ कथामा प्रस्तुत अद्वैत वेदान्त दर्शनको जीवभावसँग सम्बन्धित मान्यताको विश्लेषण गरिएको छ । मानिस जीवभावका कारण सांसारिक बन्धनमा परी दुःख पाएको र अविद्याले गर्दा भौतिक सुखसुविधाका लागि भौँतारिएको विषयलाई यस लेखमा स्पष्ट पारिएको छ । गुणात्मक ढाँचामा तयार पारिएको यो लेखमा प्रयोग भएका सामग्रीहरू पुस्तकालय कार्यमार्फत सङ्कलन गरिएका छन् । यस अध्ययनमा उद्देश्यमूलक नमुना छनौट पद्धतिलाई अवलम्बन गरेर ‘ऐना’ कथासङ्ग्रहमा सङ्गृहीत ‘समाप्ति’ कथालाई चयन गरिएको छ र यो कृति प्राथमिक स्रोत सामग्री र अद्वैत वेदान्त दर्शनको जीवभावसँग सम्बन्धित ग्रन्थहरू, समालोचनात्मक कृतिहरू, लेखहरू एवम् अनुसन्धनात्मक लेखहरू द्वितीय स्रोतका सामाग्री रहेका छन् । यस लेखमा अद्वैत वेदान्त दर्शनको जीवभावसँग सम्बन्धित मान्यतालाई आधार मानेर कथाशंहरूलाई दृष्टान्त दिएर व्याख्यापरक विधिको प्रयोग गरी विश्लेषण गरिएको छ । यो अनुसन्धानात्मक लेख मूलतः एपिए शैलीमा आधारित छ । ‘समाप्ति’ कथामा मानिसहरू अज्ञानताले गर्दा जीवभाव व्याप्त भएर सांसारिक विषयसुखका पछि लागेर प्रवृत्त मार्गलाई समातेका कारण दुःख भोगेका विषयहरू अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित छन् । कथामा जतिपनि पात्रहरूले दुःख भोगेका छन्; पागल बनेर हिँडेका छन् र कतिपय त सांसारिक विषयभोगकै कारण निराश बनी जँड्याहा भएर मृत्युवरणसमेत गरेका छन्; ती सबैको कारण जीवभाव नै हो भन्ने यस लेखको निष्कर्ष रहेको छ । मायाका कारण यहाँका पात्रहरू पारमार्थिक यथार्थबाट विमुख भई भौतिक सुख र सुविधाका पछि लागेर आफूलाई दिनप्रतिदिन बन्धनको दलदलमा फसाउँदै लगेका र अन्त्यमा जीवनलाई नष्ट गरेको विषयलाई यस लेखमा मूल रूपमा देखाइएको छ ।*

**मुख्य शब्दहरू** : अविद्या, प्रतीति, प्रवृत्त, त्रिगुण, विषयवासना

## विषयप्रवेश

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका रामलाल जोशी (वि.सं.२०३१)को पहिलो रचना चरित्र शीर्षकको कविता सौगात पत्रिकामा २०५० सालमा प्रकाशन भएको पाइन्छ । जोशीका *हत्केलामा आकाश* (गजलसङ्ग्रह-२०५७), *ऐना* (कथासङ्ग्रह-२०७२), *सखी* (उपन्यास-२०७५) र *बाआमा* (कथासङ्ग्रह-२०७९) गरी हालसम्म चार ओटा कृति पुस्तक प्रकाशित छन् । विभिन्न साहित्यिक गोष्ठी तथा समारोहहरूमा सक्रिय सहभागिता रहँदै आएका जोशीको *ऐना* कथासङ्ग्रहले वि.सं. २०७२ सालमा मदन पुरस्कार प्राप्त गरेको कृति हो । जोशीको यस कथासङ्ग्रहमा सुदूर पश्चिमको दूरावस्थाको समाजिक स्वरूपको यथार्थ चित्रण गरिएको छ । यस कृतिमा समाजका किनारीकृत वर्गको पीडालाई सजीव रूपमा आफ्नै पृथक् एवम् निजात्मक शैलीमा प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत समाप्ति कथामा अद्वैत वेदान्त दर्शनका केही मान्यताहरू प्रस्तुत भएका पाइन्छन् । विशेष गरी मायाका कारण निष्पन्न हुने मानिसको जीवभाव यस कथामा कसरी प्रकट भएको छ ? यस कोणबाट कथाको अध्ययन गरी व्याख्यपरक विधिमार्फत दृष्टान्त दिएर स्पष्ट पारिएको छ । प्रस्तुत अनुसन्धानात्मक लेख समाप्ति कथामा अद्वैत वेदान्त दर्शनका मान्यताहरूमध्ये मायाबाट

सृजित जीवभाव कसरी प्रकट भएको छ ? भन्ने मूल समस्यामा आधारित रहेको छ। यो अनुसन्धानमूलक लेखको उद्देश्य समाप्ति कथामा प्रस्तुत जीवभावसँग सम्बन्धित अद्वैत वेदान्त दर्शनका मान्यताहरूको विश्लेषण गर्नु रहेको छ।

**पूर्वकार्य समीक्षा**

रामलाल जोशीका प्रकाशित कृतिहरूका बारेमा विभिन्न अध्येता, विश्लेषक, समालोचक एवम् शोधार्थीहरूबाट विविध दृष्टिकोणका आधारमा अध्ययन र विश्लेषण भएको पाइन्छ। यो कथासङ्ग्रह तथा समाप्ति कथाको अद्वैत वेदान्त दर्शनका आधारमा व्याख्या र विश्लेषण गरिएको छैन। जोशीका कथाहरूका सन्दर्भमा गरिएका र अद्वैत वेदान्त दर्शनसँग सम्बन्धित रहेका अध्ययन विश्लेषण एवम् सैद्धान्तिक सामग्रीहरूमध्ये केही सामग्रीहरूलाई मात्र पूर्वकार्यका रूपमा यहाँ प्रस्तुत गरिएको छ। राहुल सांकृत्यायन (सन् १९९२) ले *दर्शन दिग्दर्शन* नामक पुस्तकमा युनानी दर्शन, इस्लामी दर्शन, युरोपीय दर्शन र भारतीय दर्शनका सन्दर्भमा विस्तृत रूपमा चर्चा गरेका छन्। यस ग्रन्थमा भारतीय दर्शनअन्तर्गत अद्वैत वेदान्त दर्शनका मान्यताहरू ब्रह्म, जीव, जगत्, ईश्वर, अविद्या, माया आदिका सन्दर्भमा विस्तारपूर्वक व्याख्या गरिएको छ। हरिकृष्णदास गोयन्दका (२०५८) ले *वेदान्त दर्शन* (ब्रह्मसूत्र) (साधारणभाषाटीका सहित) पुस्तकमा वेदान्त दर्शन(ब्रह्मसूत्र)का प्रमुख पक्षहरूको विस्तृत रूपमा चर्चा गरेका छन्। यस ग्रन्थमा ब्रह्म, परब्रह्म, परमात्मा, ब्रह्मविद्या, ब्रह्मकारणवाद, वैशेषिक परमाणुवाद, बौद्धमत, जैनमत, जीव, जगत्, माया, ईश्वर, ब्रह्मलोकका सन्दर्भमा व्यापक व्याख्या गरिएको छ। नारायण चालिसे (२०६९)को *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास* विद्यावारिधि शोधग्रन्थमा आधारित यस पुस्तकमा पूर्वीय दर्शनको सैद्धान्तिक पक्षको विश्लेषण, आधुनिक नेपाली उपन्यासमा पूर्वीय दर्शन र उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका विषयमा व्याख्या एवम् पूर्वीय दर्शनका आधारमा कोइरालाका उपन्यासहरूको विश्लेषण गरिएको छ। सर्वेपल्लि राधाकृष्णन् (सन् २०१२)ले *भारतीय दर्शन भाग-२* पुस्तकमा वैदिक षड्दर्शनका सन्दर्भमा व्यापक चर्चा गरिएको छ। यस पुस्तकमा शङ्कराचार्यको परिचय उपनिषद्, ब्रह्मसूत्र, अद्वैत वेदान्त दर्शन एवम् जीव, जगत्, मायावाद, ब्रह्म, मोक्ष आदिका सन्दर्भमा व्यापक चर्चा गरिएको छ। गोपीकृष्ण गौतम (२०७६)ले *लेखनाथ पौड्यालका कवितामा वैदिक षड्दर्शन* विद्यावारिधि शोधप्रबन्धमा वैदिक षड्दर्शनको सैद्धान्तिक विश्लेषण एवम् लेखनाथ पौड्यालको कविता यात्रा तथा वैदिक षड् दर्शनसँग सम्बन्धित प्रवृत्तिहरूको समेत विश्लेषण गरिएको छ। लक्ष्मीशरण अधिकारी (सन् २०२०)ले जनप्रिय जर्नल अफ इन्टरडिस्पिलिनरी स्टडी अनुसन्धनात्मक पत्रिकामा *'ऐना : उत्तरआधुनिक अध्ययन'* शीर्षकको लेखमा कथाकार रामलाल जोशीको आख्यानकारिता र उत्तरआधुनिक सैद्धान्तिक कोणबाट ऐना कथासङ्ग्रहको अध्ययन गरिएको छ। लेखमा जोशीका कथामा परम्परागत नायकलाई ध्वस्त गरेर पुनर्निर्माण गरिएको र उत्तर आधुनिक मान्यता उनका कथामा प्रस्तुत भएको भनेर विश्लेषण गरिएको छ। समग्रमा हेर्दा शोधप्रबन्धलगायत अन्य पुस्तकहरूमा अद्वैत वेदान्त दर्शनका मूल्यमान्यताहरूको विस्तृत व्याख्या गरिएको हुनाले यस लेखका लागि यी पूर्वकार्यहरू उपयोगी हने देखिन्छ। त्यसैगरी आख्यानकार र उनको ऐना कथासङ्ग्रहका सन्दर्भमा गरिएको विश्लेषण लेखक र आख्यानात्मक पक्ष बुझ्न र अध्ययन अन्तराल जान्न पनि सहयोग पुग्ने देखिएको हुनाले यिनीहरूलाई पूर्वकार्यका रूपमा लिन सकिन्छ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धानात्मक लेख गुणात्मक प्रकृतिको छ। सामग्री सङ्कलन पुस्तकालय कार्यमार्फत गरिएको छ। प्राथमिक स्रोतको सामग्रीको रूपमा ऐना कथासङ्ग्रहमा सङ्गृहीत विवेच्य कथा रहेको छ। यसैगरी अद्वैत वेदान्त दर्शनका मान्यतासँग सम्बन्धित सामग्रीहरू जुन यस अध्ययनका लागि उपयोग गरिएका छन्, तिनीहरू द्वितीयक स्रोत सामग्री रहेका छन्। यस समाप्ति कृतिको अध्ययन र विश्लेषणको आधार भाष्यकार शङ्करको अद्वैत वेदान्त दर्शनलाई बनाइएको छ। अद्वैत वेदान्त दर्शनका जीवभावसँग सम्बन्धित दृष्टिकोणलाई कथामा प्रस्तुत सन्दर्भलाई दृष्टान्तसहित उल्लेख गरी व्याख्यापरक विधिमार्फत विश्लेषण गरिएको छ। साथै सन्दर्भसामग्रीलाई एपिए शैलीको अनुसरण गरी प्रस्तुत गरिएको छ। यस अनुसन्धानात्मक अध्ययन रामलाल जोशीको समाप्ति कथामा प्रस्तुत जीवभावको विश्लेषणमा आधारित छ। यस लेखमा पूर्वीय आस्तिक दर्शनअन्तर्गत भाष्यकार शङ्करको अद्वैत वेदान्त दर्शनको जीवमा मायाबाट उत्पन्न हुने जीवभावसँग सम्बन्धित चिन्तनहरू बाहेकका अन्य दार्शनिक मान्यताहरू र समाप्ति कथा बाहेकका अन्य कथाहरू प्रस्तुत अध्ययनका सीमा रहेका छन्।

## प्राप्ती, छलफल र नतिजा

वैदिक दर्शन वाङ्मयमा अद्वैत दर्शनको विशेष स्थान रहेको छ। ब्रह्मलाई एक मात्र सत्य मान्ने अद्वैत वेदान्त दर्शन शङ्कराचार्यले पुनरुत्थापित गरेको वेदान्त दर्शनमा आधारित छ। अभेदवादी दर्शनहरूमध्ये यो दर्शनको सर्वोत्कृष्ट प्रभाव र प्रताप रहेको छ। वेदान्त दर्शनमा यो दर्शन बढी तार्किक एवम् प्रामाणिक मानिन्छ। शङ्कराचार्यले ब्रह्मसूत्रभाष्यका अतिरिक्त ११ उपनिषद् र गीताको भाष्य लेखेको पाइन्छ (शर्मा, सन् २०१०, पृ. २३७)। यसमा उपनिषद् प्रमाणका आधारमा ब्रह्मसूत्रमाथि व्याख्या गरिएको छ। ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः (अन्जना, सन् २००६, पृं ५६) अर्थात् ब्रह्म नै सत्य हो, जगत् मिथ्या हो तर असत्य होइन, जीव नै ब्रह्म हो र ब्रह्मबाट भिन्न छैन (शर्मा, सन् २०१०, पृ. २३९) भन्ने सिद्धान्त नै अद्वैतवाद हो। ब्रह्मको मायासँग सम्पर्क हुँदा सम्पूर्ण जगत् उत्पत्ति भएको भान वा भ्रम मात्र हो। ब्रह्मलाई मायाले छोप्दा ईश्वर र ईश्वरलाई अविद्याले छोप्दा जीवानुभूति हुने हो। जीव र ईश्वर दुवै मायाका उपज हुन्। पारमार्थिक रूपमा ईश्वर र जीवमा भेद नभए पनि व्यावहारिक रूपमा ईश्वर शासक, द्रष्टा, सर्वज्ञ र जीव शासित, भोक्ता, अल्पज्ञ मानिन्छ। ब्रह्म र आत्मा एउटै हुन्। आत्म साक्षात्कारबाट ब्रह्मज्ञान प्राप्त भएपछि मोक्ष प्राप्त हुन्छ भन्ने यसको मान्यता रहेको छ। अज्ञानले गर्दा जीवमा द्वैतभाव आएको र बन्धन उत्पन्न भई दुःखसुखको अनुभव भएको हो। जीवभावको कारण नै अविद्या हो। जीवभावको अन्त्य पछि द्वैतभाव समाप्त हुन्छ। मोक्ष भनेकै ब्रह्म प्राप्ति वा आत्मप्राप्ति हो (मिश्र, सन् २०१२, पृ. ५७९)। ब्रह्मज्ञानपछि मात्र जीवभावको अन्त्य भई जीवले मोक्ष प्राप्त गर्दछ। यो दर्शनमा वेद नै प्रमाण भएकाले ब्रह्मतत्त्व अरू कुनै पनि प्रमाणबाट गम्य हुन नसक्ने उल्लेख गरिएको छ। जन्म, स्थिति र लयको कारण नै ब्रह्म भनिएको छ। एक मात्र सत्य ब्रह्म भए पनि अविद्याका कारण जीव र ब्रह्ममा भेद देखिएको हो। तत् त्वम् असि आदि ब्रह्मविद्याद्वारा अविद्याको निवृत्ति भएर सिद्धि प्राप्त हुन्छ (भट्टराई, २०७४, पृ. ९५)। अविद्याका कारण सांसारी बनेको, ब्रह्मस्वरूपबाट विस्मृत भएको व्यक्ति ब्रह्मोपदेश प्राप्तिपछि ब्रह्म हुँ भन्ने आत्मबोध हुनाले श्रुति र अनुभूतिका आधारमा जीव र आत्माका बीच ऐक्यता स्थापना हुन्छ भन्ने यो दर्शनको सार रहेको छ।

अद्वैत वेदान्त दर्शनले ब्रह्म र जीव एउटै मान्दछ र यिनमा देखिने भेदको प्रतीति भनेको व्यावहारिक हो । अविद्याका कारण जीवमा जीवभाव उत्पन्न हुन्छ र जीवले आत्मालाई शरीरभन्दा भिन्न बुझ्न सक्दैन । आत्मालाई ज्ञानेन्द्रिय र कर्मेन्द्रियसँग सम्बन्धित मान्नु, आत्मालाई दुःखी र रोगी जीव भन्ने व्यवहार गर्नु जीवभाव हो । जीव त केवल व्यावहारिक सत्ता मात्र हो । जीव भनेको अविद्याजन्य भ्रान्ति मात्र हो । जीवभावले गर्दा मानिसले अरू तत्त्वहरूजस्तै जीवलाई पनि सत्य ठानेको हो । जीवमा रहेको जीवभावले गर्दा दुःख र सुखको अनुभूति गरेको हो । जीवमा त्रिगुण रज, तम र सत्वगुण रहेका छन् (शर्मा, सन् २०१०, पृ. २५४) । जीवलाई शर्माले मायादास मानेका छन् । जीव ज्ञानेन्द्रिय, कर्मेन्द्रिय तथा प्राणयुक्त देही हो भनिएको छ । यो देहधारी जीवले सांसारिक प्राणीका रूपमा शुभ अशुभ कर्म गर्दछ र सुखदुःखको अनुभव गर्दछ । यो भोक्ता हो । जीवभावका कारण जीव सांसारिक बन्धनमा पर्दछ । उसले सबै क्रियाकलापलाई सत्य र नित्य ठान्दछ अनि दुःख पाउँछ । जीवभावकै कारण देहरूपी देखिने जीव म वा हामीको रूपमा देखिन्छ । शरीर धारण गर्ने, सांसारिक विषयवासनामा लिप्त हुने, अहङ्कार, राग, द्वेष, लोभ, मोह, ईर्ष्या, डाहा, घृणाजस्ता प्रवृत्तिबाट प्रेरित हुने, आफन्त र पराइको बोध हुने तत्त्व जीवमा हुनुको कारण जीवभाव नै हो । सांसारिक विषयवासनामा रमाउनु, आफूलाई सक्षम र विवेकी देख्नु, आफू अहङ्कारी, बुद्धिमानी, अभिमानी बन्नु भनेकै जीवभावी अवस्था हो । अविद्याको अधीनमा रहने जीव निरन्तर सुखदुःखको भागी भइरहन्छ (सरस्वती, २०६०, पृ. ९०) । जीवले सांसारिक सुख-दुःख, वृद्धि-ह्रास आदिको अनुभव गरिरहन्छ । अविद्याले गर्दा जीवमा जीवभाव उत्पन्न भई चैतन्य स्वरूप आनन्दमय आत्मालाई दुःखी र रोगी जीवको व्यवहार गरिएको हो (गिरि, २०५५, पृ. ५६) । चौरासी लाख योनिरूप जन्ममृत्युको चक्रमा जति पनि प्राणीहरू छन्, ती सबैमा जीव रहने हुँदा जीव अनेक छन् भनिएको हो । जीवले दुःखसुखको अनुभूति गर्नु नै जीवभाव हो । जीव त शरीरको स्वामी हो । यसले ईश्वरको अधीनमा रहेर काम गर्छ र फल भोग्छ । ईश्वर जगत्‌को कर्ता, धर्ता, हर्ता र नियन्ता हो, यसैको कृपाले जीव अप्रत्यक्ष अनुभूतिमार्फत आत्मैक्य प्राप्त गर्छ । अविद्याले द्वैत उत्पन्न भई जीवले दुःख पाएको र यो नष्ट हुँदा अद्वैत उत्पन्न भएर ब्रह्मसम्बन्धी यथार्थ ज्ञान प्राप्त हुन्छ । आत्मालाई जीव भन्नुको कारण आत्मामा शरीर, इन्द्रिय र मनरूपी पर्दा लाग्नु हो । अविद्याका कारण उत्पन्न जीवभाव रहँदासम्म हामी आत्मालाई दुःखी र रोगी जीव भन्दछौँ । जीव व्यावहारिक सत्ता हो र देहयुक्त आत्मा नै जीव हो । जीव कर्ता हो, कर्म फलको भोक्ता हो । जीवले पाप र पुण्य गर्दछ र त्यसको फल भोग्दछ (सिन्हा, सन् १९९६, पृ. ९८) । ज्ञान प्राप्त नहुँदासम्म जीवभाव रहिरहन्छ । जीवभाव भनेको अविद्याजन्य भ्रान्ति हो र बन्धन हो । जीव अज्ञानको आश्रयस्थल हो, जीवलाई आत्मा मान्नु नै अज्ञान हो, यो जीव र अज्ञानको सम्बन्ध अनादि रहेको छ (सिंह, सन् १९९६, पृ. ५४३) । अज्ञानले गर्दा नै देहप्रति मोह राख्दै जीवले कर्मेन्द्रिय र ज्ञानेन्द्रियलाई आत्मासँग सम्बन्धित मान्दछ । जीवले इन्द्रियलाई ज्ञानको कारण मान्दछ, यो नै अज्ञान एवम् जीवभाव हो ।

जीव अनेक छ, मन, बुद्धि र अहङ्कार आदिका कारण प्रत्येक शरीरमा अलग-अलग निवास गर्दछ (सिंह, सन् १९९६, पृ. ५०३) । जीवका क्रियाकलापहरू क्षणिक हुन् । जीवले व्यावहारिक जीवनमा समस्या भोग्दछ र बन्धनमा पर्दछ । जीव जगत्‌मा सक्रिय रहन्छ । जीवको सम्बन्ध शरीरसँग भए पनि यो शरीरभन्दा भिन्न छ (सिन्हा, सन् १९९६, पृ. ९८) । जीव स्थूल, सूक्ष्म र कारण गरी तीन प्रकारका शरीरमा आबद्ध रहन्छ । स्थूल शरीर देह हो । आत्माले ग्रहण गर्ने शरीर सूक्ष्म शरीर हो । सूक्ष्म शरीर पञ्च कर्मेन्द्रिय, पञ्च ज्ञानेन्द्रिय, प्राण,

बुद्धि र मन आदि तत्त्वले बनेको हुन्छ । कारण शरीर अविद्याबाट निर्मित हो । यसले देहधारी भएर काम गर्दछ र कामको प्रतिफल भोग्नै पर्दछ । जीव ब्रह्मको अंश हो (श्रीमद्भगवद्गीता, १५।७) तापनि अज्ञानका कारण बन्धनमा पर्ने हो । अज्ञानले गर्दा जीवले आत्मालाई सांसारिक ठानेको हो । अज्ञानको आश्रयस्थल देहमा रहेको जीव हो, यो 'म' वा 'हामी' का रूपमा प्रकट हुन्छ, यो नै जीवभाव हो । मायारूपी निद्राले गर्दा स्वप्न वा जाग्रत दुवै अवस्थामा मेरो घर, मेरो सम्पत्ति, म यसको मालिक, मेरो छोरो अनि यिनैले गर्दा सुख-दुःख, वृद्धि-ह्रास पाएँ भन्ने गर्दछ (सिंह, सन् १९९६, पृ. ५४५) । अज्ञानले गर्दा मात्र जीवको अस्तित्व रहेको हो । जीवले अरूबाट सहयोगको अपेक्षा गर्दछ । जीवको जन्म र मरण हुन्छ । जीव व्यावहारिक गतिविधिमा क्रियाशील हुन्छ । जीव जीवकै स्वरूपमा दुःख-सुखबाट प्रभावित हुन्छ । जीव विभिन्न प्राणीका रूपमा देखिन्छ । यसले विभिन्न जुनीमा जन्म लिन्छ । आफन्त, पराइ, दुःख, सुख, जीवन भोगाइ आदि सबै जीवका क्रियाकलाप हुन् र यसमा नै जीवभाव प्रकट हुनेगर्दछ ।

**'समाप्ति' कथामा प्रस्तुत जीवभाव**

कथासङ्ग्रह ऐनामा सङ्गृहीत समाप्ति कथा सुदूर पश्चिम नेपालको सामाजिक अवस्थाको कथामा सजीव चित्रण गरिएको छ । सुदूर पश्चिमेली नेपालीहरूको जीवन भोगाइ, चालचलन, आशा, निराशा, जीवनयापन, अन्याय, अत्याचार, पीडा, गरिबी, पछौटेपन, महिलाहिंसा, यौनविकृति, अभाव आदि विविध कथाव्यथालाई यस सङ्ग्रहले विषय बनाएको छ । सांसारिक जीवनयापन गरेका मानिसको सांसारिक विषयवासनाप्रतिको आसक्ति र त्यसको अप्राप्तिले जीवमा उत्पन्न जीवभावलाई समाप्ति कथामा प्रस्तुत गरिएको छ । भौतिक विषयवस्तुमा सुखसुविधा प्राप्त गरी जीवनलाई सफल बनाउन खोज्ने मानिस(जीव)को जीवभाव चेतको परिणाम उसले पाएको दुःख र पीडालाई कथामा प्रस्तुत गरिएको छ । आफूले जीवनमा भोगेको दुःख र कष्टलाई जीवभावका कारण म पात्रले आफ्नो जीवनलाई निस्सार र शून्य देखेको छ । कथामा कथाकारले यही अविद्याले गर्दा जीव सांसारिक बन्धनमा परी सांसारिक विषयभोगमा लाग्दा उसले त्यसको प्राप्ति र अप्राप्तिमा खुसी र बेखुसी हुने प्रवृत्तिलाई प्रस्तुत गरेका छन् । म पात्र प्रेमिकाबाट छुटेपछिको निराशा भएको; खोलामा समातेको माछा फुत्किँदा निराश बनेको; लेक्चरर भएपछि तास खेल्दा सबै पैसा (एकलाख) हार्दा निराश बनेको; माइला दाइ विवाहित सुखी भएर पनि प्रेमिकाले धोका दिएपछि जँड्याहा भएर इहलिला समाप्त गरेको; कित्थी कमिनीले धोका दिएपछि गोटे कामी पागलप्रेमी भई संसारबाटै विदा भएको; म पात्रकै प्रेमिका पनि पागल भएकी र पार्कमा विभिन्न जोडीहरूको बैँसालु प्रेमालापको स्वरूपलाई जीवभावको परिणतिको रूपमा प्रस्तुत गरिएको छ ।

समाप्ति कथाको प्रमुख पात्र म हो । म पात्रमा रहेको जीवभावले गर्दा उसले आफूलाई सांसारिक जीवनमा दुःखी पाएको छ । सांसारिक जीवन भोगाइमा म पात्र निराश बनेको छ । सांसारिक प्राणी जीवमा माया, मोह, हर्ष, विस्मात, प्रेम र विछोड हुने गर्दछ । सांसरिक विषयवासनाप्रतिको मोह र त्यसको प्राप्ति र अप्राप्तिमा जीव खुशी र निराश हुने गर्दछ । जीव प्राप्ति हुँदा रमाउने र प्राप्ति नहुँदा दुःखी हुने गर्दछ । जीवमा देखिएको यस प्रकारको प्रवृत्तिको कारण जीवभाव नै हो । जीवमा सधैं अविद्या व्याप्त हुन्छ (गिरि, २०५५, पृ. १३७) । जन्मदेखि मृत्युको समयसम्म जीवले जीवन भोगाइका सापेक्षतामा आफूलाई दुःखी, सुखी, आशा र

निराशामा पाउँछ । कथामा जीव(म पात्र)ले सांसारिक विषयप्रति राखेको मोहभाव र त्यसको उपभोगबाट जन्मे को आसक्तिको अपर्याप्तताको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

आजभोलि यस्तै लाग्छ मलाई ऊबिना मेरो जीवन निरर्थर छ । .......ऊविना यो संसार एक्लो लाग्छ मलाई । नितान्त एक्लो ... ।
छोराछोरी ?
आमाबुबा ?
दाजुभाइ ?
श्रीमती ?
इष्टमित्र ?
साथीभाइ ? (जोशी, २०७२, पृ. १९०)

जीव सांसारिक विषयमा रमाउने हो । यहाँ म पात्र(जीव) सांसारिक विषयमा रमाउन खोजेको छ । घर, परिवार, इष्टमित्र, आफन्त, पराय, तेरो, मेरो जस्ता कुराहरू सांसारिक हुन् । सांसारिकतामा मपात्र जीवले विवाह गऱ्यो । छोराछोरी पायो तर म पात्र यत्तिमा सीमित रहेन । उसको आसक्ति अरू बढ्दै गयो । ऊ प्रेमिकासँग र माउन थाल्यो । जब प्रेमिकाले उसलाई छाडी तब ऊ निराश हुन पुग्यो । जीवभावका कारण जीवले इन्द्रिय तृप्तिको इच्छा राख्दछ (प्रभुपाद, सन् २०१६, पृ. १५०) । जीवभाव यस्तो तत्व हो जसले जीवको चाहलाई बढाइदिन्छ । चाहको निश्चितता हुँदैन । समयसमयमा बदलिरहन्छ । यस प्रकारको बदलावले जीवलाई बन्धनमा पारिरहन्छ । जीवलाई अविद्याका कारण आफू बन्धनमा परेको थाहा हुँदैन । यहाँ म पात्र यसैको शिकार भएको छ । ऊ परिवारको सदस्य थियो र एउटा अवस्थामा रहेको थियो । विवाह भयो, छोराछोरी भए, अर्को अवस्था भयो । हरेक अवस्था जीवका चाह थिए, ती चाह पूरा हुँदा क्षणिक सखानुभूति भयो तर फेरि अरु चाहहरू सांसारिक विषयप्रति आकर्षित भई देखा पर्दै गए । जीवले यिनै सुखका अनेक उपायका लागि जगत्मा जसरी कर्म गर्दछ, त्यसको प्राप्ति र अप्राप्तिले उसमा आशा र निराशा उत्पन्न हुने गर्दछ । यही अवस्था यहाँ सपरिवार हुँदाहुँदै म पात्र प्रमिकासँग जोडिनु र विछोड हुँदा दुःखी हुन पुग्नु भनेकै सांसारिक जीवनको क्षणिक सुखमयता हो । यहाँ म पात्रले उमङ्गका साथ विवाह गऱ्यो र खुशी भयो । छाराछोरी पायो र खुशी भयो तर ऊ यतिले मात्र तृप्त हुन सकेन । उसको खुशी यसमा मात्र रहन सकेन । ऊ प्रेमिकाका पछि लाग्यो; रमायो र सुखानुभूति गऱ्यो । सांसारिक मोह र सुख यस्तो कुरा हो, जसले जीवलाई दीर्घ सुख दिन सक्दैन । यी सबै क्षणिक हुन् । यही क्षणिकलाई जीवले शाश्वत जस्तै ठानेर यसकै लागि मरिहत्ते गर्नुको कारण जीवमा रहेको जीवभाव नै हो ।

जीव सांसारिक हो । जीवले व्यावहारिक रूपमा संसारका विषयलाई सत्य ठान्दछ (गिरि, २०५५, पृ.५६) । जीवले सांसारिक विषय भोग गरी आनन्द लिन चाहन्छ । जुन आनन्द क्षणिक हो । त्यसलाई शाश्वत ठानेर जीवले ममत्वभाव देखाउँदा जीवले दुःख पाउँछ । जीवभावका कारण जीवले डोरीलाई सर्प ठानेजस्तै जगत्मा भौतिक सम्पदा (विषयवस्तु) प्रति आसक्तता राख्दछ । प्राप्ति र अप्राप्तिको अवस्थाका कारण उसमा सुख र दुःखको अनुभूति उत्पन्न हुन्छ । यस कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

एक दिन खोलामा सङ्लो पानी सानो कुलो बनाएर किनारतिर लैजाँदा रहरलाग्दो माछो बगेर हातमा

आयो ।

..........................

एक हातबाट जतन गरी अर्को हातमा राखेर मुसार्न थाल्दा माछो त फुत्त फुत्केर पानीमै गयो । चिच्याएर तुरुन्त पानीमा खोज्न थालेँ । अहँ, कतैपनि भेट्न सकिएन ।

.......................

मनमा यति ठूलो पीडा भयो कि धेरै दिनसम्म त सिस्ने खोलामा जाने मनै लागेन । (जोशी, २०७२, पृ. १९२)

यहाँ मपात्रले खोलामा माछो समातेको छ। माछो पाल्ने उसको चाह छ। म पात्र सांसारिक वस्तु( माछो) पालेर आनन्दसँग रमाउन खोजेको छ। सांसारिक विषयवस्तुको पछि लागेर सुख पाउँछु भन्नु मृगतृष्णा हो तापनि यहाँ जीवले माछाप्रति आसक्ति देखाएको छ। माछा पाल्दा हुने आनन्द क्षणिक हो भने यो फुत्कँदा पनि उसलाई हुने दुःख नै हो । सांसारिक विषयबाट जीवलाई कहिल्यै सुखानन्द हुँदैन तर उसले अविद्याका कारण भ्रममा परेर यसरी माछारूपी सांसारिक विषयवस्तुप्रति मोह राखेको हो । माछाप्रतिको मोह दैहिक सुहानुभूतिप्रतिको मोह हो । आत्मज्ञानबाट मिल्ने आनन्द शाश्वत हो भन्ने कुरा जीवभावले गर्दा यहाँ मपात्रले बुझेको छैन । त्यसैले उसले माछा भेट्दा सुम्सुम्याएको छ अनि पालेर रमाउन खोजेको छ। जब हातबाट माछो फुत्क्यो, तब ऊपात्र मर्माहत बनेको छ, पीडाले धेरै दिन उसमा खल्लो र निराशा उत्पन्न भएको छ। अज्ञानी जीवले जगत्लाई सत्य मान्ने (शर्मा, सन् २०१०, पृ २३९) र दैहिक जीवनमा जगत्का विषयवस्तुमार्फत रमाउन खोजिरहन्छ भन्ने अद्वैत वेदान्त दर्शनको विचारसँग यो प्रसङ्ग सापेक्षित भएर आएको देखिन्छ।

जीवले जगत्मा जीवन भोग्दछ। जीवले सामाजिक सुखका निम्ति विभिन्न कर्म गर्दछ। जीव अविद्याको अधीनमा रहेको हुन्छ (शर्मा, सन् २०१०, पृ. २५७) । जसले गर्दा दैहिक सुखका निम्ति ऊ आफ्ना रुचि र आस्थाअनुसार कर्ममा क्रियाशील हुन्छ। जीवको यही सांसारिक विषयमोह र कृत्यजस्ता व्यावहारिक कुरालाई कथामा यसरी चित्रण गरिएको छ :

ठूलो भएपछि धेरै पैसा कमाउँला र बजारका सारा सामान किनुँला भन्ने रहर सानैदेखि पालेर राखेको थिएँ । लेक्चरर भइसकेपछि दशैँतिहारको पेस्कीसहित ठूलै गाँठ तलब बुझियो ।

.................

खालमा बसियो लेक्चरर भएको अभिमानका साथ । रातभर तास पिट्दापिट्दा बिहानतिर खल्ती खलास भैसकेको थियो । चारपाँच महिनाको कमाइ एकरातमा स्वाहा ! थुक्क, मेरो बुद्धि । (जोशी, २०७२, पृ. १९२)

यहाँ म पात्रले सांसारिक विषयप्रति मोह देखाएको छ। दैनिक व्यवहार चलाउनु र पैसाप्रति अधिक आसक्ति देखाउनु फरक कुरा हुन् । यहाँ बुझेको तलबबाट ऊ सन्तुष्ट छैन । उसमा यसरी जीवभाव प्रबल भएको छ कि उसलाई यो कमाइमा चित्त बुझाउन दिएको छैन । त्यसैले साथीहरूसँग तासको खालमा बसेको छ र सबै पैसा हार्न पुगेको छ। अविद्याग्रस्त जीवले आफ्ना दैहिक चाहनाहरूलाई सन्तुष्ट पार्न चाहन्छ (प्रभुपाद,

सन् २०१६, पृ. १४) । सुखका लागि पैसा कमाउन खोज्नु जीवको सांसारिक चरित्र हो । जीव धनसम्पत्तिको प्राप्तिमा खुसी हुनु र गुम्दा निराश हुनु स्वाभाविक नै हो । तत्त्वज्ञानबाट विमुख रहँदासम्म जीवमा जीवभाव रहेको हुन्छ; त्यसले जीवलाई हर्ष र विस्मातमा पारिरहन्छ । यहाँ म पात्र तासमा पैसा हारेपछि निराश भएर सपना र विपनामा हारेका नोटहरू सम्झिरहनुको कारण जीवभाव हो । हामीमा रहेको अपूर्ण बुद्धिका कारण ब्रह्मैकत्व नबुझेर हामी निराश हुने गर्दछौँ (राधाकृष्णन्, सन् २०१२, भाग-१, पृ. १४१) । सांसारिक अनुभवले गर्दा जीवले परमसत्ता नबुझेको र नस्विकारेको हो । निराशाको कारण नै अज्ञानता हो । यही जीवमा रहेको जीवभावको नैराश्यतालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> हो, मेरो जीवनको तेस्रो चरणमा मलाई जीवनबाट सबै चिज फुत्केर गएजस्तै लाग्दै छ ।
>
> ................................
>
> ऊबिनाको जीवन खल्लो, बेस्वादिलो । रङ्गहीन । उदास, उजाड । पतझडजस्तै । मरुभूमिजस्तै । निरस, निर्जन लाग्दै छ (जोशी, २०७२, पृ. १९३) ।

यहाँ म पात्र सांसारिक मोहमा परेर त्यसकै सापेक्षमा आफ्नो जीवनलाई खल्लो र बेस्वादिलो देखेको छ । आफ्नी प्रेमिकाविना आफ्नो जीवनलाई निरास र निर्जन भनेको छ । सांसारिक विषयप्रतिको मोह भनेकै जीवमा रहेको अविद्याको प्रभाव हो । जीवमा सांसारिक जीवनप्रति देखिने मोह भनेको अज्ञानको उपज हो (राधाकृष्णन्, सन् १९८८, पृ. ४१०) । प्रेमिकाका कारण यहाँ जीवले आफ्नो जीवनलाई सुख र दुःखमा परिभाषित गरेको छ । सांसारिक विषयवस्तुको उपभोगबाट जीवले आफूलाई राम्रो, सुन्दर, सुखी, दुःखी, नराम्रो आदि देख्नु उसमा रहेको अज्ञान हो । यही जीवभावले नै जीवलाई सांसारिकतामा रूमल्याइदिएको छ ।

जीव सांसारिक प्राणी हो । उसले जगत्मा शुभ र अशुभ कर्म गर्दछ । सांसारिक विषयवस्तुप्रति आसक्त हुनु, प्राप्ति र अप्राप्तिमा आफूलाई दुःखी वा आनन्दित ठान्नु जीवमा रहेको अविद्या चेत हो । यसैले गर्दा व्यक्तिमा जीवभाव प्रवल भएर जीवले अनेक कृत्य गर्दछ । म पात्रको दाइ जड्याँहा भएर गल्लीमा कुकुर झैँ गरी हिँडेको छ । जीवभावग्रस्त माइला दाइको यही पागलप्रेमको अवस्थासँग सन्दर्भित भएको प्रसङ्ग यस्तो रहेको छ :

> ढलमलिँदै बाटोमा हिँडेको देख्नेहरू उनलाई भन्थे- "लास्टै जँड्याहा हो साला, गल्लीको कुकुरझैँ मर्छ कुन दिन । "...................
>
> ".... ईश्वरबाहेक आजसम्म अरु कसैले मलाई धोका दिएको थिएन, केवल उसले दिई, उसले ।"
>
> हेर्दाहेर्दै माइला दाजीले आफ्नो इहलीला समाप्त गरे (जोशी, २०७२, पृ. १९४-१९६) ।

माइला दाइ सांसारिकतामा रमाएका र पढेलेखेर राम्रो जागिर खाएका व्यक्ति हुन् । घरपरिवार राम्रो छ । धनसम्पत्तिको र मानसम्मानमा कुनै गुनासो गर्ने ठाउँ छैन । अज्ञानी जीवले देहलाई महत्त्व दिन्छ तर बुद्धितत्त्वलाई महत्त्व दिँदैन । जीवले अविद्याले गर्दा द्वैत प्रपञ्चमा लिप्त भई दैहिक विलासिताका निम्ति मरिहत्ते गर्दछ (राधाकृष्णन्, सन् १९८८, पृ.४११) । यो पात्रले जीवनलाई बुझेको छैन । उसमा सांसारिक भोक मात्र छ । उसको जीवभावले सांसारिक विषयवासनामा उसलाई निर्लिप्त गराएको छ । सांसारिक विषयवस्तुमा

रमाउने जीव कहिल्यै अघाउँदैन । उसका भोकहरू फरकफरक स्वरूपमा मोहित हुँदै जान्छन् । माइला दाइले विवाह गऱ्यो, एक चरणको सांसारिक विषयसुख प्राप्त गऱ्यो । छोराछोरी भए, धनसम्पत्ति कमायो त्यसपछि अर्को चरणमा सांसारिक सुखानुभूति गऱ्यो । उसको सांसारिक विषय भोक अझै मरेन । उसले रेणुकालाई प्रेम गऱ्यो । अर्को चरणको दैहिक सुख भोगको यात्रामा लाग्दा उसले विछोडको सामना गर्नुपऱ्यो । यसलाई सहन सकेन र अन्त्यमा जँड्याहा भयो । आफ्नो भाइले नखान आग्रह गर्दा आफ्नो जीवनसँग मजाले खेल्न दे भनेर भाइको कुरा मानेन । जीवनबोध नहुँदा जीवमा यसप्रकारको सांसारिक विषयमोह उत्पन्न हुन्छ र आफूलाई बन्धनमा पार्दछ भन्ने दृष्टान्त यसलाई मान्न सकिन्छ । यस्तै अविद्याले गर्दा जीवरूपी गेटे कामीले पागलप्रेमी भई आफ्नो भौतिक देह समाप्त गरेको छ । यस प्रकारको जीवभावले ग्रस्त भई धनगढीको गल्लीमा पागलप्रेमी भई दैहिक जीवनलाई बरबाद पार्ने पात्रहरू नाउटे ज्यामी, हरिहर ओली, विशाल भण्डारी, पर्वत भुजेल, दले साउँद, किस्ने मगर, नेत्र बोहरा र फकिरे बडायकहरू छन् । जसरी यिनीहरू धनगढीको गल्लीमा पल्टिएका थिए, त्यसरी नै आज म पात्र पनि पल्टिन थालेको छ । तत्त्वज्ञानको अभाव रहने जीव सांसारिक विषयमा रमाउने गर्दछ । धनसम्पत्ति, प्रेमी, प्रेमिका र दैहिक सुखभोगलाई नै जीवनको परमसुखको आधार मान्नुको कारण जीवभाव नै हो । म पात्र जसरी युवतीको प्रेममा लिप्त भएको छ र त्यसको विछोडमा जसरी तड्पिएको छ, त्यसको कारण अज्ञान हो । अविद्याका कारण जीव यसरी दैहिक सुखको पछि लागेर बन्धनमा परेको छ । यही बन्धनको परिणाम ऊ पागल भई गल्लीगल्लीमा भौँतारिँदै हिँडेको छ । जीवमा जीवभावले गर्दा सांसारिक विषयवस्तु एवम् सम्पत्तिप्रतिको उसको मोहका कारण जीव विवेकहीन बन्न पनि पुग्दछ (शर्मा, सन् १९९४, पृ. १५५) । यो विवेकहीनता यहाँका पात्रहरूमा देख्न सकिन्छ । घर परिवारप्रतिको जिम्मेवारी र इज्जतको ख्याल नगरी पागलप्रेमी भई गतिहीन बन्नु विवेकहीनता हो । यस कुरालाई कथामा यसरी उल्लेख गरिएको छ :

> उसको सम्झनामा पग्लिएर मैले सम्पूर्ण रूपमा ....................डुलाइरहेको हुन्छु । मेरा लागि कोही आफन्त र कोही पराइ हुन छाडेका हुन्छन् । (जोशी २०७२, पृ. १९७)

यहाँ यस पागललाई कसैको पर्वाह छैन । तत्त्वज्ञान भएको भए ऊ समाजलाई हेर्ने नजर र बुझ्ने बुझाइ फरक हुन्थ्यो । यो पात्रले सांसारिकतालाई विशेष रूपमा महत्त्व दिँदा ऊ यसरी बन्धनमा पर्न गएको छ । यही बन्धनताले उसलाई असचेत तुल्याइदिएको छ । यो असचेतनाका कारण ऊ पागल बन्न पुगेको छ । उसलाई जीवभावले गर्दा बेवारिसे बनाइदिएको छ । उसलाई न त कुनै पहिरनको वास्ता छ, न त भोकको न त रोगको नै वास्ता छ । दिए खान्छ । दिएको कुरा कसैले खोसेर लगे पनि उसलाई वास्ता छैन । यो जीवभावको कारण भएको हो । पारमार्थिक तत्त्वज्ञान उसमा भएको भए उसले समाजलाई बुझ्ने र हेर्ने अनि उसको प्रस्तुति फरक हुने थियो । यहाँ त उसको जीवभावले गर्दा आफूले आफैलाई दैहिक रूपमा नष्ट पारेको छ । सांसारिक जीवनमा विषयमार्फत परमसुख प्राप्त हुन्छ भन्ने लोभले म पात्र प्रेमिकाको आसक्ततामा पर्दा पागल बन्न पुगेको छ । यो असचेतनाको कारण भनेकै उसमा रहेको जीवभाव नै हो ।

जीवमा जीवभाव हुनुको कारण अज्ञान हो । अज्ञानका कारण भ्रान्ति सृजना भई जीवमा द्वैतभाव उत्पन्न भएको हो । यो भ्रान्ति तत्त्वज्ञान प्राप्त नहुँदासम्म जीवमा रहिरहन्छ (शर्मा, सन् २०१०, पृ. २४४) । यस कथामा म पात्र लगायतका व्यक्तिहरू यसै भ्रान्तिमा रूमल्लिएका छन् । सांसारिक विषयवस्तुको प्राप्तिमा

सुख खोज्नु र यसैका निम्ति विभिन्न सांसारिक कार्य गर्नु अविद्याको प्रभाव हो । केवल क्षणभङ्गुर यो देहलाई जीवले विविध व्यवसाय गरेर वा घरगृहस्थी गरेर सुखी बनाउन खोज्नु र यसबाट समेत तृप्त नभएर अरु सांसारिक यात्रामा जानु अज्ञानी जीवको स्वाभाविक यात्रा हो । यही यात्राले गर्दा जीवले अनेकन दुःख पाएको छ । कथामा जीवभावग्रस्त पात्रहरू धेरै छन् । प्रेमकै कारण पागल बनेको पात्र म र यस्तै अर्को पात्र युवती पनि प्रेमकै कारण पागल भएकी छ । म पात्र र यो कृशकाय नारीको प्रसङ्गलाई कथामा यसरी प्रस्तुत गरिएको छ ः

मैले कसैले भनेको सुनेको हुन्छु -
“कति जना पागललाई दिई सक्नु ?” ..............
.................................................
अर्कैले भनेको हुन्छ -
“त्यो पनि बिचरी सोझी छे । यो जस्तै इमान्दार छे । ”........
अर्कोले थपेको हुन्छ -
“सायद यिनीहरू पैलो जन्ममा जोइपोइ थिए कि ?” (जोशी, २०७२, पृ. १९८ - १९९)

तत्त्वज्ञान नभएपछि मानिसले अरुप्रति राख्ने सांसारिक टिप्पणी यही हो । यही संसारमा सुकिलो, मुकिलो र हृष्टपुष्ट भएको मान्छेलाई सुखी देख्नु मानिसमा रहेको जीवभावको कारण हो । सांसारिक अवस्थाका आधारमा दया, माया, प्रेम र घृणा गर्ने जीवभाव नै हो । म पात्र र अर्को युवतीलाई पागल देख्नु अविद्या हो । म पात्रलाई खानका लागि साहुनीले दिएको बासी रोटी सडकको पेटीमा बसेर खान लाग्दा कृशकाय नारीले खोसेर भागेकी छे । यो दृश्य देखेका मानिसहरूले सांसारिक परिवेशकै सापेक्षतामा उनीहरूको टिप्पणी गरेका छन् । कसैलाई पागल देख्नु, कसैलाई सोझो ठान्नु त कसैलाई अनेक विशेषणमा परिभाषित गर्नु जीवभावी जीवको स्वाभाविक कार्य हो । जीवमा हुने चिन्ता र पीडाको कारण सांसारिक विषयप्रतिको मोह नै हो । ब्रह्मज्ञानविना मानिसलाई शान्ति मिल्दैन तापनि मानिस अज्ञानले गर्दा सांसारिक विषयवस्तुको पछाडि लागिरहन्छ (राधाकृष्णन्, सन् १९८८, पृ. ४११) । कथाका हरेक पात्रहरू सांसारिक जीवनमा सुख खोजिरहेका छन् । सांसारिक विषयवस्तुको र सुखानुभूति प्राप्त गर्न सकिन्छ भन्ने उनीहरूमा भ्रम रहेको छ । घर, परिवार, प्रेमी, प्रेमिका, धनसम्पत्ति आदि कुराकै आडमा आफूलाई सुखी बनाउन सकिन्छ र यही नै सुखको मूल आधार हो भन्ने विश्वास मानिसहरूमा रहेको छ । यही सोचले उल्टो दुःख पाइरहेको छ तर यसको बोध उनीहरूमा हुन सकेको छैन । यसको कारण भनेको मानिसमा रहेको जीवभाव नै हो । कथामा यस जीवभावलाई विभिन्न दृष्टान्तमार्फत प्रष्ट भएको देख्न सकिन्छ । उद्यानमा प्रेमी प्रेमिकाहरूको प्रेम विनोद; बैसालुहरूको प्रेमालापले म पात्रको दिमाग तरङ्गित भएको; प्रेमीप्रेमिकाको प्रेमालाप देखेर म पात्रमा आफ्नो पूर्व स्मृति आएर दुःखी भएको; बैसालु युवतीको रूपसौन्दर्यको यौवनीय आकर्षणले म पात्र मोहित बनी आफ्नो प्रेमिकालाई सम्झिनु र नयाँनयाँ युवतीहरूको हुलमा आफ्नो प्रेमिकाको प्रतिरूप खोज्नु र निराश हुनु जस्ता प्रसङ्गहरू जीवभावसँग जोडिएका विषय हुन् । अन्त्यमा उही रोटी खोसेकी कृशकाय नारीलाई भेट्दा आफ्नो विछोडको पीडासँग उसको अवस्थालाई पनि जोडेर म पात्र भित्रभित्रै गलित भएको छ । म पात्रले त्यही कृशकाय नारीलाई देखेर अनियन्त्रित भई अङ्कमाल हालेर बोल्न थालेको छ । उसले नारीको रूप देखेर अचम्मित भएको छ । त्यो क्षीण, रुग्ण, थकित र गलित कायकल्प देखेर दुःखी भई मौनता यसरी तोडेको छ ः

"मेरो बाबा ! मेरो भगवान् ! मेरो जिन्दगी !
कठै मेरी सानू ! कहाँ गयो तिम्रो यौवन ?
कहाँ गयो तिम्रो जिन्दगी ?"
(जोशी, २०७२, पृ. २०२)

म पात्र नारीलाई देखेर चकित भएको छ। ऊ आफू पनि दुब्लो छ। तर उसले नारीलाई बैँसालु देख्न चाहेको छ। नवयौवनाको सुन्दर लावण्यमा नारीलाई देख्न चाहन्छ। यो दैहिक यौनानु भोक हो। यो जीवभावले जन्माएको सांसारिक मोह हो। जीवभावले गर्दा जीवले संसारमा सुख र दुःख भोग्दछ। अविद्याले गर्दा भ्रममा पर्ने नै जीव हो। (शर्मा, सन् २०१०, पृ.२३९)। यहाँ म पात्र यही भ्रममा परेको छ। क्षणभङ्गुर जीवनलाई उसले अविनाशी ठानेको छ। यही देहले लिने दैहिक सुख नै परमसुख हो भन्ने उसमा भ्रम छ। यही भ्रमको पछि लागेर जीवले दुःख पाएको छ। जीवमा हुने लोभ, मोह, इर्ष्या, डाहा, प्रेम, घृणा, दुःख, सुख आदि सबैको कारण नै जीवभाव हो। म पात्र लगायत यस कथाका पात्रहरू यही जीवभावले गर्दा सांसारिक बन्धनमा परेका छन्।

**निष्कर्ष**

समाप्ति कथामा रहेका हरेक पात्रहरूमा जीवभाव प्रवल रहेको देखिन्छ। सांसारिक जीवनमा पात्रहरू जसरी क्रियाशील छन्; तिनीहरू सबै अविद्याग्रस्त छन्। कथामा हरेक पात्रहरू जीवभावबाट निर्देशित छन्। उनीहरूका क्रियाकलापहरू अविद्याजनिन छन्। अविद्याका कारण यहाँका पात्रहरू सांसारिक बन्धनमा परे का छन्। कथाका हरेक पात्रहरूमा विषयभोग हावी भएको देखिन्छ। सांसारिक कृत्यहरूमा जीवहरूका मनो भावहरू प्रकट भएका छन्। हरेक पात्रमा जीवभावले जसरी जरा गाडेको छ; त्यसको परिणाम नै पात्रहरूले आ-आफ्नो जीवनलाई मूल्याङ्कन गरेका छन्। पात्रहरूले जीवनमाथिको मूल्याङ्कन सांसारिक कोणबाट मात्र गरेका छन्। यस कथाका पात्रहरू सबैले सांसारिक विषयप्रति मोह र त्यसको उपभोगमा मात्र रुचि राखेका छन् । सांसारिक विषयप्रति मोह राख्नु र त्यसको प्राप्ति र अप्राप्तिका आधारमा सुख र दुःखको अनुभव गर्नु जीवमा रहेको जीवभाव हो। भौतिक सम्पत्तिप्रतिको मोह र त्यसका लागि पात्रहरूले गर्ने प्रयत्न अनि भौतिक सम्पत्तिको आर्जन उपर गर्व एवम् आनन्दको अनुभव गर्नु जीवभाव हो। प्रायः पात्रहरूले यस कथामा प्रेमप्रति आसक्त भएको र त्यसको प्राप्तिमा आनन्दानुभूति र विछोडमा पीडा बोध गरेको देखाइएको छ। कथामा मपात्र हुन् वा अन्य माइला दाइ, युवती, गेटे कामी, नाउटे ज्यामी, हरिहर ओलि, विशाल भण्डारी, पर्वत भुजेल, दले साउँद, किस्ने मगर, नेत्र बोहोरा फकिरे बडायक आदि सबै धनगढीको गल्लीमा जीवभावकै कारण पल्टिएका छन्। तत्त्वज्ञानविना जीवन बुझ्न नसकिने र यी पात्रहरूमा यसैको अभावले गर्दा यस्तो अवस्था आएको हो। तबसम्म जीवमा जीवभाव व्याप्त रहिरहन्छ, जबसम्म जीव सांसारिक जीवनप्रति मोह राखी धनसम्पत्ति, भौतिक सुख, अमन, चयन र विषयसुखका पछि लागिरहन्छ। मायाबाट प्रभावित जीवहरू दैहिक सुखका लागि मरिहत्ते गर्दछन् । जीवभाव व्याप्त भएका मानिसहरू प्रेमविनोदमा रमाउने, सांसारिक विषयभोग गर्ने, यौनिक आनन्दमा लिप्त हुने र एकपछि अर्को दैहिक सुखका लागि नयाँ स्वाद लिन लालायित हुने गर्दछन् भन्ने यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ। जीवभाव यस्तो विषय हो, जसले जीवलाई सांसारिक बन्धनमा पारी जीवनभर दुःख दिन्छ र जीवले दुःख पाइरहेको सन्दर्भलाई समाप्ति कथामा उल्लेख गरिएको छ। जीवको जीवन समाप्तिको कारण

नै यही सांसारिक जीवनप्रतिको मोह र सांसारिक विषयवस्तु प्राप्तिका लागि गरिने अनेकन कृत्य नै हो भन्ने कथाको मूल आशय रहेको छ। विभिन्न पेसा र व्यवसाय गर्ने, सांसारिक आमोदप्रमोद गर्ने र यसमा नै जीवनको वास्तविक सुख रहेको छ भन्ने कुरा यस कथाका हरेक पात्रमा पाइने हुनाले कथामा जीवभावको अवस्था प्रचूर मात्रामा रहेको पाइन्छ।

**सन्दर्भसूची**


अधिकारी लक्ष्मीशरण (सन् २०२०), 'ऐनाःउत्तरआधुनिक अध्ययन' *जनप्रिय जर्नल अफ इन्टरडिसिप्लिनरी स्टडी,* के.सी. विकास कुमार (सम्पा.), अङ्क ९, पृ. ८८-९७।

अन्जना (सन् २००६), *शङ्करका अद्वैत दर्शन,* परिमल पब्लिकेसन।

गिरि, स्वामी रामानन्द (२०५५), *जनक दर्शन* (अनु. तिमल्सिना, रामहरि), जनक शिक्षा सामग्री केन्द्र।

गोयन्दका, हरिकृष्णदास(अनु.) (२०५८), *वेदान्त दर्शन (ब्रह्मसूत्र),* गीताप्रेस।

गौतम, गोपीकृष्ण (२०७६), लेखनाथ पौड्यालका कवितामा वैदिक षड्दर्शन (अप्रकाशित), विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय।

चालिसे, नारायण (२०६९), *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास,* वी.पी. चिन्तन केन्द्र।

जोशी, रामलाल (२०७२), *ऐना,* बुकहिल पब्लिकेसन।

प्रभुपाद, श्री श्रीमद् ए.सी. भक्ति वेदान्त स्वामी (सन् २०१६), *श्रीमद्भगवद्गीता यथारूप,* (अनु. वादरायणदास), भक्तिवेदान्त बुक ट्रस्ट।

भट्टराई, पद्मप्रसाद (२०७४), *पौरस्त्य दर्शन एक चिनारी,* पुस्तक भण्डार।

मिश्र, उमेश (सन् १९५७), *भारतीय दर्शन* (प्रथम सं.), हिन्दी सूचना समिति, सूचना विभाग।

मिश्र, जगदीशचन्द्र (सन् २०१२), *भारतीय दर्शन,* चौखम्बा सुरभारती प्रकाशन।

राधाकृष्णन् सर्वेपल्लि (सन् १९८८), *भारतीय दर्शन का इतिहास,* भाग-१(द्वितीय संस्क.), राजस्थान हिन्दी ग्रन्थ अकादमी।

राधाकृष्णन्, सर्वेपल्लि (सन् २०१२), *भारतीय दर्शन,* भाग-२, (हिन्दी अनु.शोभित, नन्दकिशोर), राजपाल एन्ड सन्ज।

शर्मा, चन्द्रधर (सन् १९९४), *बौद्ध दर्शन और वेदान्त दर्शन,* विज्ञान विभूति प्रकाशन।

शर्मा, चन्द्रधर (सन् २०१०), *भारतीय दर्शन आलोचना और अनुशीलन* (द्वितीय संस्क.), मोतीलाल बनारसीदास।

सरस्वती, श्री १००८ परमहंस स्वामी सच्चिदानन्द (२०६०), *वेदान्त विज्ञान,* खप्तड आश्रम प्रकाशन समिति।

सांकृत्यायन, राहुल ( सन् १९९२), *दर्शन दिग्दर्शन* (दोस्रो संस्क.), किताब महल।

सिंह वी. एन. (सन् १९९६), *भारतीय दर्शन,* स्टुडेन्टस फ्रेन्ड्स एन्ड कम्पनी।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९९६), *भारतीय दर्शन की रूपरेखा* (पञ्चम संस्क.), प्रतिभा प्रकाशन।